आज मिति २०८१ साल चैत्र २२ गते शुक्रबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरु:**

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री पन्दुर गुरुङ (का.वा.अध्यक्ष) | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र वहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

**अन्य उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विनायक तिमिल्सिना | प्रशासकीय अधिकृत | |
| २ | श्री बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| ३ | श्री विजय कुमार श्रेष्ठ | जिन्सी शाखा प्रमुख | |

CamScanner

प्रस्तावहरु:

१. अघिल्लो बैठकबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. चालु आ.व. को हालसम्मको विकास निर्माण र सेवा प्रवाहको रिपोर्टिङ सम्बन्धमा ।
३. चालु आ.व. २०८१/०८२ को दोस्रो चौमासिक अवधिको हालसम्मको वितिय प्रगति प्रतिवेदन सम्बन्धमा ।
४. चालु आ.व. २०८१/०८२ को न्यायिक समितिको दोस्रो चौमासिक प्रतिवेदन सम्बन्धमा ।
५. चालु आ.व. २०८१/०८२ को गाउँपालिकास्तरीय अनुगमन समितिको दोस्रो चौमासिक प्रतिवेदन सम्बन्धमा ।
६. आगामी आ.व. २०८२/०८३ का लागि गण्डकी प्रदेश सरकारमा विशेष र समपूरक अनुदानका लागि योजना पेश गर्ने सम्बन्धमा ।
७. संघीय र प्रदेश सरकारमा विभिन्न योजना माग गर्ने सम्बन्धमा ।
८. चालु आ.व. २०८१/०८२ दोस्रो चौमासिक समिक्षा सम्बन्धमा ।
९. चालु आ.व. २०८१/०८२ दोस्रो चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।
१०.राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउने सम्बन्धमा ।
११.युवा रोजगार तथा स्वरोजगार तालिम सम्बन्धमा ।
१२.विविध क्षेत्रगत तथ्याङ्क संकलन गर्ने सम्बन्धमा ।
१३.वास योजनाका लागि तथ्याङ्क संकलन गर्न वडास्तरीय रुपमा गणक खटाउने सम्बन्धमा ।
१४.सूचना प्रविधि अधिकृतको सेवा सुविधा पुनरावलोकन सम्बन्धमा ।
१५.सिमा विवाद समाधान गर्न पहल गर्ने सम्बन्धमा ।
१६.नयाँ बाख्रा पकेट विकास कार्यक्रम र बाख्रा स्रोत केन्द्र कार्यक्रमका लागि कृषक छनौट गर्ने सम्बन्धमा ।
१७.सडक गुरुयोजना सम्बन्धमा ।
१८.जलवायु परिवर्तन स्थानीय अनुकूलन कार्ययोजना सम्बन्धमा ।
१९.रुन्चेत खानेपानी आयोजनाको भेरियसन आदेश सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व.को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को दोस्रो चौमासिक अवधिको हालसम्मको तपशिल बमोजिमको आर्थिक प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा पेश भई जानकारी भयो ।

तपशिल

| | विनियोजित रकम (रू.) | खर्च रकम (रू.) | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ३२,०४,९७,७७८ | १२,८९,९३,२६४.१४ | ४०.२४% |
| पुँजीगत तर्फ | १७,७५,११,२२२ | ६९,९३,३५३.७० | ३.९३% |
| जम्मा | ४९,८०,०९,००० | १३,५९,८६,६१७.८४ | २७.३% |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८१/०८२ को दोस्रो चौमासिक अवधिको न्यायिक समितिको प्रगति प्रतिवेदन सचिवालयमार्फत बैठकमा पेश भई जानकारी भयो ।
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को दोस्रो चौमासिक अवधिको गाउँपालिकास्तरीय अनुगमन समितिको प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा पेश भई जानकारी भयो ।
६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा गण्डकी प्रदेश नीति तथा योजना आयोग पोखरा नेपालको च.नं. ४९४ मिति २०८१।१२।१३ गतेको विशेष र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धी प्राप्त पत्र बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा आगामी आ.व. २०८२/०८३ का लागि तपशिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

CamScanner

तपशिल:

**विशेष अनुदानतर्फ**

क. हल्चुक सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण

**समपूरक अनुदानतर्फ**

क. सर्जडबेशी - काशीगाउँ सडक निर्माण (निरन्तरता)

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिकाको आर्थिक, सामाजिक एवम मानवीय विकासका लागि आगामी आ.व. २०८२/०८३ का लागि संघीय सरकार र प्रदेश सरकारमामा तपशिल बमोजिमका योजना तथा कार्यक्रम पेश/माग गर्ने निर्णय गरियो ।

तपशिल

अ. संघीय सरकारतर्फ:

क. बुढिगण्डकी पुल, धार्चे २ र ५, माछिखोला केरौजा, गोरखा

ख. बुढिगण्डकी दोभान पुल, धार्चे १ र ३, गोरखा

ग. छोटेखोला – यार्सा – काशीगाउँ – केरौजा - रुन्चेत सडक स्तरोन्नति

घ. इमान आरोहि पार्क रक क्लाइम्बिङ वाल निर्माण

ङ. लिदिङ – माछीखोला - दोभान सडक खण्ड कालोपत्रे

च. निमरुङ खोला उहिया दिङ्ला डाँडा गोरेटो बाटो निर्माण

आ. प्रदेश सरकारतर्फ:

क. नयाँ बस्ति देखि नादुर डाँडासम्म गोरेटो बाटो तथा रेलिङ निर्माण

ख. हल्चुक गाउँ जोड्ने मोटरबाटो

ग. रुन्चेत ढल निकास आयोजना

घ. केरौजा सभाहल निर्माण

ङ. धार्चे आमा समूह भवन तला थप

च. गुम्दा वडा कार्यालय जाने शाखा बाटो निर्माण

छ. खानीवेशी खानीगाउँ यामगाउँ गुम्दा सडक निर्माण

ज. नौली फोलाङ सिंचाई आयोजना (निरन्तरता)

झ. स्यामराङ भिरकुना मोटर बाटो निर्माणं (निरन्तरता)

ञ. नौली झरना देखि मापु तालसम्म जाने गोरेटो बाटो निर्माण

ट. खरिबोट भानुटोल खानेपानी आयोजना (निरन्तरता)

ठ. खानीबेशी खानेपानी आयोजना मर्मत सम्भार

८. प्रस्ताव नं. ८ माथि छलफल यस गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को दोस्रो चौमासिक एवम् अर्धवार्षिक समिक्षा तपशिल बमोजिमको मिति, समय र स्थानमा गर्ने/गराउने र सो सम्बन्धी अन्य आवश्यक व्यवस्था मिलाउनका लागि प्रमुख प्रशासकीय अधिकृतमार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल:

मिति : २०८१।१२।२२, गते

समय: दिनको २:०० बजे

स्थान: धार्चे कभडहल, माछिखोला, गोरखा ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को दोस्रो चौमासिक अवधिमा गाउँपालिकाबाट भएको विकास निर्माण, सेवा प्रवाह र कार्यसम्पादन लगायतका विषयमा विशेष गरि वडा नं. १, २, ३ र ६ का नागरिक/जनताहरुलाई लक्षित गरि दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम तपशिल बमोजिमको मिति, समय र स्थानमा गर्ने/गराउने र सो सम्बन्धी अन्य आवश्यक व्यवस्था मिलाउनका लागि प्रमुख प्रशासकीय अधिकृतमार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

CamScanner

तपशिल:

मिति : २०८१।१२।२५ गते सोमबार

समय: विहान ११:०० बजे

स्थान: धार्चे गाउँपालिका २ नं. वडा कार्यालय, केरौजा, गोरखा ।

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा चालु आ. व. मा नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा) लाई राजश्व संकलनको प्रमुख स्रोतका रुपमा पहिचान गरिएको हुनाले चालु आ.व.मा राजश्वमा लिएको लक्ष्य हासिल गर्नका लागि ढुंगा गिटी तथा वालुवाको राजश्व संकलनलाई सबै वडा कार्यालयहरुबाट प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने साथै यस गाउँपालिकाको क्षेत्रभित्र कार्यान्वयन हुने संघीय तथा प्रदेशस्तरीय योजनाहरुमा नदिजन्य पदार्थ लगायत प्राकृतिक स्रोत साधनको प्रयोग गर्दा यस गाउँपालिकालाई नियमानुसार तिर्नुपर्ने राजश्व अनिवार्य तिरेपछि मात्र अन्तिम भुक्तानीका लागि सिफारिस दिने व्यवस्था मिलाउन सबै वडा कार्यालयहरुलाई निर्देशन दिने/गर्ने निर्णय गरियो ।

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा चालु आ.व. को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अन्तर्गत धार्चे युवा रोजगारको तालिम तथा ढुंगा र काठ काट्ने मेसिन खरिद शिर्षकमा बजेट विनियोजन भएको हुँदा उक्त कार्याक्रम कार्यान्वयनका लागि विशेष गरि महिलाहरुलाई लक्षित गरि डकर्मी तालिम धार्चे गाउँपालिका वडा नं. ३ स्थित खोर्लाविशीमा यथासिघ्र संचालन गर्ने/ गराउने साथै सो सम्बन्धमा आवश्यक सबै व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

१२.प्रस्ताव नं. १२ माथि छलफल गर्दा २१ औ शताब्दि भनेको सूचना र प्रविधिको युग हो जसले गर्दा जोसँग सूचना तथा तथ्याङ्कको स्रोतहरु पर्याप्त मात्रामा अभिलेखिकरण छ निजनै शक्ति एवम् सामर्थ्यको केन्द्र हुने हुनाले यस गाउँपालिकामा रहेका विभिन्न क्षेत्रगत सूचना तथा तथ्याङ्क संकलन गरि अभिलेखिकरण गर्ने प्रयोजनार्थ तपशिल बमोजिमका तथ्याङ्कहरु संकलन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपशिल:

क. घरधुरी सर्वेक्षण

ख. जनशक्ति (दक्ष, अर्धदक्ष र अदक्ष)

ग. रोजगारीमा संलग्नता

घ. पशुपंक्षि गणना

ङ. व्यवसाय गणना

च. विद्युतको पहुंच

छ. खानेपानीको पहुंच

१३.प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस गाउँपालिकाको वास कार्ययोजना निर्माणका लागि खानेपानी तथा सरसफाई सम्बन्धी तथ्याङ्क संकलन गर्ने प्रायोजनार्थ करार सेवामा नियुक्ति भएका तथ्याङ्क संकलक गणकहरुलाई वडागत रुपमा सम्बन्धित क्षेत्रको तथ्याङ्क संकलन गर्नका लागि सबै वडाहरुमा खटाउने निर्णय गरियो ।

१४.प्रस्ताव नं. १४ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम, कार्यक्रम समन्वय इकाई, सिंहदरबार, काठमाडौको च.नं. २४२ मिति २०८१।११।२३ गतेको प्राप्त पत्र बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा यस कार्यालयमा सूचना प्रविधि अधिकृत पदमा करार सेवामा कार्यरत श्री नारायण बहादुर शाहीलाई नियमानुसार चाडपर्व भत्ता र पोशाक भत्ता, स्थानीय भत्ता, महंगी भत्ता लगायत उपलब्ध गराउने गरि सातौ तहको करार सम्झौता श्रावण १ गतेदेखि लागु हुने गरि गर्ने गराउने निर्णय गरियो ।

१५.प्रस्ताव नं. १५ माथि छलफल गर्दा नेपालको संविधान २०७२ मार्फत मुलुक संघियतामा गएपश्चात स्थानीय तह गठन भएपछि यस धार्चे गाउँपालिकाको वडा नं. ४ र बारपाक सुलिकोट गाउँपालिकाको वडा नं. १ बीच पुसु डाँडामा सिमा विवाद रहेको साथै वडा नं. ६ यार्सा र आरुघाट गाउँपालिका वडा नं. १ मान्बु बीचको सिमामा विवाद रहेको हुँदा दुबै सिमा सम्बन्धि विवाद समाधानका लागि आवश्यक पहल गरिदिनका लागि श्री जिल्ला समन्वय समिति गोरखालाई सिफारिससाथ अनुरोध गरि पठाउने निर्णय गरियो ।

१६.प्रस्ताव नं. १६ माथि छलफल गर्दा चालु आ.व.को स्वीकृत वार्षिक सशर्त कार्यक्रम अन्तर्गत नयाँ बाखा पकेट विकास कार्यक्रम र बाखा स्रोत केन्द्र कार्यक्रम कार्यान्वयन गर्नका लागि कार्यालयबाट प्रस्ताव माग गरेबमोजिम रितपूर्वक पेश हुन आएका आवेदकहरुको प्राविधिक समितिबाट स्थलगत अनुगमन निरीक्षण गरि सिफारिसका आधारमा तपशिल बमोजिम कृषकहरु छनौट गरि कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

CamScanner

तपशिल:

**नयाँ बाख्रा पकेट विकास कार्यक्रम तर्फ:**

क. एकता बहुउद्धेश्य कृषक समूह, धार्चे गा.पा.-२, रुन्चेत ।

**बाख्रा स्रोत केन्द्र कार्यक्रम तर्फ:**

क. लापारक्यूड कृषि तथा पशुपंक्षी फार्म, धार्चे गा.पा.-६, काँशीगाउँ ।

ख. आर्गानिक मल्टि प्रपोज एग्रो फर्म, धार्चे गा.पा.-७, लापुबेशी ।

१७.प्रस्ताव नं. १७ माथि छलफल गर्दा चालु आ.व.को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत सडक गुरुयोजना निर्माण गर्नका लागि कार्यालयबाट नियमानुसार परामर्शदाता छनौट भई सो सडक गुरुयोजना निर्माणका लागि पहिलो परिचयात्मक एवम् अभिमुखिकरण सम्बन्धि प्रतिवेदन परामर्शदाताहरुबाट पेश भई जानकारी भयो । सो सम्बन्धमा सडक खण्डहरुको मापदण्ड तपशिल बमोजिम निर्धारण गरि सडक गुरुयोजना निर्माणका आवश्यक कार्य गर्ने गराउने मिलाउने निर्णय गरियो ।

तपशिल:

क. शाखा सडक (A) – १४ मिटर

ख. प्रशाखा सडक (B) – १० मिटर

ग. सहायक सडक (C) – ८ मिटर

घ. प्रवेश सडक (D) – ६ मिटर

१८.प्रस्ताव नं. १८ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत जलवायु परिवर्तन स्थानीय अनुकुलन कार्ययोजना (LAPA) निर्माणका गर्नका लागि परामर्श सेवामार्फत गर्ने यस अघिको निर्णय बमोजिम कार्यालयबाट परामर्शसेवा दाता छनौट गरि कार्य अगाडि बढेकोमा परामर्शदाताबाट हालसम्म भएको कार्य प्रगतिलाई समेटि तयार गरेको प्रगति प्रतिवेदन बैठकमा पेश भई जानकारी भयो ।

१९.प्रस्ताव नं. १९ माथि छलफल गर्दा संघिय सरकारको विशेष अनुदानमा वडा नं. २ रुन्चेतमा निर्माणाधिन रुन्चेत खानेपानी आयोजना डि.पि.आर. भई ड्रोइन डिजायन बमोजिम लागत इष्टिमेट तयार गर्दा तपशिल बमोजिमका Items हरुको परिमाण थप गर्नुपर्ने देखिएको हुँदा परिमाण भेरियसन आदेशको लागि प्राविधिक शाखामार्फत सबै तोकिएका प्रक्रियाहरु पुरा गरि पेश भएको हुँदा देहाय बमोजिम भेरियसन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

**Variation Order (VO)**

Project Name:- Construction of Runchet Drinking Water Supply

Location- Dharche-2,Runchet

| S.No. | Description of work | Unit | BOQ Estimate Quantity | Rate | Amount as per BOQ Estimate Quantity | Variation Order Quantity | Difference in Quantity | Amount as per VO Quantity | Negotiation Rate | Difference in Amount | Amount as per negotiation rate |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Earthwork excavation in ..........including 10m lead & 1.5m lift | m3 | 856.61 | 800.00 | 685288 | 874.42 | 17.81 | 699532.8668 | 800.00 | 14244.87 | 14244.87 |
| 2 | Boulder Soling & levelling works in foundation including 30m lead | m3 | 52.79 | 4500.00 | 237555 | 59.50 | 6.71 | 267727.5 | 4500.00 | 30172.50 | 30172.5 |
| 3 | Plain cement concrete works in foundation including material collection & 30m lead in(1:3:6) Ratio | m3 | 4.30 | 18000.00 | 77400 | 7.69 | 3.39 | 138365.1524 | 13700 | 60965.15 | 46401.25 |
| 4 | Stone masonry works including material collection, preparation of motar with 5m lift & 10m lead(1:4 ratio) | m3 | 1.80 | 16000.00 | 28800 | 62.80 | 61.00 | 1004833.356 | 14500 | 976033.36 | 884530.2 |
| | | | | Total | 1029043 | | | 2110458.87 | | 1081415.875 | 975348.9 |
| | | | | 13%VAT | 133775.59 | | | 274359.654 | | 140584.0637 | 126795 |
| | | | | Grand Total | 1162818.59 | | | 2384818.53 | | 1221999.939 | 1102144 |

CamScanner

आज मिति २०८२ साल बैशाख २२ गते सोमबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरुः**

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

**अन्य उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विनायक तिमिल्सिना | प्रशासकीय अधिकृत | |
| २ | श्री बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| ३ | श्री विजय कुमार श्रेष्ठ | जिन्सी शाखा प्रमुख | |

CamScanner

स्तावहरु:

१. अघिल्लो बैठकबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. चालु आ.व. को हालसम्मको विकास निर्माण र सेवा प्रवाहको रिपोर्टिङ सम्बन्धमा ।
३. चालु आ.व. २०८१/०८२ को हालसम्मको वित्तिय प्रगति प्रतिवेदन सम्बन्धमा ।
४. प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गतका योजनाको व्यवस्थापन सम्बन्धमा ।
५. आगामी आ.व. २०८२/०८३ का लागि प्रदेश सरकारबाट प्राप्त बजेट सिमा सम्बन्धमा ।
६. आगामी आ.व.का लागि प्रदेश सरकारमा विभिन्न योजना माग गर्ने सम्बन्धमा ।
७. चिनियाँ राजदुतावासमा योजना पेश गर्ने सम्बन्धमा ।
८. भारतीय राजदुतावासमा योजना पेश गर्ने सम्बन्धमा ।
९. निर्माणाधिन गाउँपालिका भवनको म्याद थप सम्बन्धमा ।
१०.गुम्दा बहुउद्धेश्यीय सभाहलको भेरियसन अडर सम्बन्धमा ।
११.नमुना नर्सरी निर्माणको लागि जग्गा भाडामा लिने सम्बन्धमा ।
१२.सार्वजनिक विदा सम्बन्धमा ।
१३.गाउँ शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।
१४.आवधिक योजनाको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।
१५.धार्चे सूचना केन्द्रका लागि कोठा भाडामा लिने सम्बन्धमा ।
१६.हिमाली क्षेत्र विकास केन्द्रसँग सम्झौता नविकरण गर्ने सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व.को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को दोस्रो चौमासिक अवधिको हालसम्मको तपशिल बमोजिमको आर्थिक प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा पेश भई जानकारी भयो ।

तपशिल

| | विनियोजित रकम (रू.) | खर्च रकम (रू.) | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ३२,४२,०७,७७८ | १७,४७,९७,३९१.५८ | ५३.९१% |
| पूँजीगत तर्फ | १८,३८,०१,२२२ | १,६८,४८,२०५.६६ | ९.१६% |
| जम्मा | ५०,८०,०९,००० | १९,१६,४५,५९७.२४ | ३७.७२% |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. मा नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा) लाई राजश्व संकलनको प्रमुख स्रोतका रुपमा पहिचान गरिएको हुनाले चालु आ.व.मा राजश्वमा लिएको लक्ष्य हासिल गर्नका लागि चालु आ.व.मा कार्यान्वयन हुने योजनाहरुमा वालुवाका साथै ढुंगाको समेत राजश्व संकलन गर्ने भनि यस अघि बसेको कार्यापालिकाले निर्णय गरेकोमा प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरुमा ढुंगा मात्रै प्रयोग हुने र वेरोजगारहरुको ज्यालावापत रकम भुक्तानी हुने हुँदा उक्त योजनाहरुमा ढंगाको राजश्व नलिने व्यवस्था निर्णय गरियो ।
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय पोखराको च.नं. ६६६ मिति २०८१।१२।३१ गते र च.नं. ६७२ मिति २०८२।०१।१० गतेको प्राप्त पत्र बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा आगामी आ.व. २०८२/०८३ का लागि गण्डकी प्रदेश सरकारबाट यस गाउँपालिकाका लागि तपशिल बमोजिम बजेट सिमा कायम भएको हुँदा सोही बमोजिम कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

तपशिल

| सि.नं. | समानीकरण अनुदानको बजेट सिमा | सवारी साधन कर बाँडफाँटको सिमा | कैफियत |
|---|---|---|---|
| १ | १,१९,०२,०००।- | १,१३,६५,०००।- | |

CamScanner

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको आर्थिक, सामाजिक एवम मानवीय विकासका लागि आगामी आ.व. २०८२/०८३ मा गण्डकी प्रदेश सरकारमा तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरु पेश/माग गर्ने निर्णय गरियो ।

तपशिल

अ. सडक पुर्वाधार तर्फ:

क. हुल्चुक गाउँ जोड्ने मोटरबाटो निर्माण (नयाँ ट्रयाक)
ख. माछिखोला – लामावेशी – केरौजा सडक स्तरोन्नति
ग. केरौजा – रुन्चेत सडक स्तरोन्नति
घ. खोर्लाबेशी – खोर्लागाउँ सडक स्तरोन्नति
ङ. माछिखोला – रेसे – लाप्राक सडक स्तरोन्नति
च. लाप्राक – सिड्ला सडक स्तरोन्नति
छ. सिड्ला – खोर्ला सडक (नयाँ ट्रयाक)
ज. रेसे – गुम्दा सडक स्तरोन्नति
झ. गुम्दा वडा कार्यालय जाने शाखा सडक निर्माण
ञ. खानीवेशी – खानीगाउँ - यामगाउँ सडक निर्माण (नयाँ ट्रयाक)
ट. देउराली – ठाँटि सडक निर्माण (नयाँ ट्रयाक)

आ. अन्य पुर्वाधार तर्फ:

क. इच्छा आ.वि. घेराबार
ख. गणेश हिमाल पदमार्ग निर्माण
ग. रुन्चेत ढल निकास आयोजना
घ. रुन्चेत कालोपोखरी पदमार्ग निर्माण
ङ. केरौजा सभाहल निर्माण
च. शिव आ.वि. तटबन्धन
छ. निम्नाङछो पर्यटन पदमार्ग निर्माण
ज. उहिया ढल निकास आयोजना
झ. हनिहंटिङ गोरेटो बाटो निर्माण
ञ. धार्चे आधारभूत अस्पताल घेराबार
ट. नयाँ बस्ति देखि नादुर डाँडासम्म गोरेटो बाटो तथा रेलिङ निर्माण
ठ. सिड्ला देखि रुकाङ डाँडा पर्यटन पदमार्ग निर्माण
ड. माछिखोला ढल निकास आयोजना
ढ. माछिखोला बुढिगण्डकी तातोपानी संरक्षण
ण. धार्चे आमा समूह भवन तला थप
त. थमरा पार्क संरक्षण तथा निर्माण
थ. मञ्जु गुफा देवियान संरक्षण तथा निर्माण
द. सेल्का कुण्ड आमा समूह भवन निर्माण
ध. यार्सा ढल निकास आयोजना
न. रुविभ्याली ग्रेट हिमालयन ट्रेल पदमार्ग
ऩ. लापुगाउँ ढल निकास आयोजना
प. गोरखनाथ आ.वि.घेराबार
फ. मेघा विद्यालय घेराबार
ठ. नौली फोलाङ सिंचाई आयोजना (निरन्तरता)
ड. नौली झरना देखि मापु तालसम्म जाने गोरेटो बाटो निर्माण
ढ. खरिबोट भानुटोल खानेपानी आयोजना (निरन्तरता)
ण. खानीबेशी खानेपानी आयोजना मर्मत सम्भार

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको च.नं. ६८ मिति २०८१।०५।२० गतेको प्राप्त पत्र बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा उक्त परियोजनाका लागि तपशिल बमोजिमका आयोजनाहरु पेश गर्ने निर्णय गरियो ।

तपशिल:

क. इच्छा आ.वि. भवन निर्माण
ख. केरौजा स्वास्थ्य चौकि भवन निर्माण
ग. उहिया स्वास्थ्य चौकि भवन निर्माण
घ. गुम्दा स्वास्थ्य चौकि भवन निर्माण
ङ. लापु स्वास्थ्य चौकि भवन निर्माण
च. सांस्कृतिक संग्रहालय काशीगाउँ
छ. माछिखोला रेसेखोला तटबन्धन निर्माण

CamScanner

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा विकास र समृद्धि भनेको बहुआयामिक विषय हुनुका साथै बहुक्षेत्र तथा बहुपक्षको सहयोग, समन्वय र साझेदरीबाट उच्चतम उपलब्धि हासिल गर्न सम्भव हुने विषय भएको हुँदा यस गाउँपालिकाको आर्थिक, सामाजिक, शैक्षिक, मानवीय लगायतको विकासका लागि तपशिल बमोजिमका योजनाहरु नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौमार्फत भारतीय राजदूतावासमा पेश गर्ने गराउने निर्णय गरियो ।

तपशिल:

क. केरौजा मा.वि. भवन निर्माण

ख. मञ्जुश्री मा.वि. भवन निर्माण

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि ठेक्का नं. DRM/NCB/works/02/077/078 construction of Dharche Rural Municipality बाट BKOI-HEMANTA J.V. चितवनसँग मिति २०७८।०१।०५ गते सम्झौता भई मिति २०७९।१०।२९ गतेसम्म कार्य सम्पन्न गर्नुपर्नेमा तोकिएको समय अवधिमा विविध कारणले कार्य सम्पन्न हुन नसकि पहिलो पटको म्याद थपले मिति २०८०।११।२९ सम्म कायम रहेको साथै दोस्रो पटकको म्याद थपले मिति २०८१।११।२९ गतेसम्म म्याद कायम भएकोमा सो अवधिमा समेत विविध कारणले गर्दा निर्माण कार्य सम्पन्न गर्नेमा प्रगति नभएको र यहि बिचमा २०८२।०१।१५ गते सार्वजनिक खरिद (चौधौ संशोधन) नियमावली, २०८२ आएपश्चात निर्माण व्यवसायिबाट कार्यतालिका सहित थप आर्थिक दाबी नगर्ने प्रतिवद्धता समेत व्यक्त गरि २०८३ जेठ मसान्तसम्मका लागि म्याद थप गरिदिन मिति २०८२।०१।१७ गते निवेदन पेश गरेको हुँदा सार्वजनिक खरिद (चौधौ संशोधन) नियमावली, २०८२ को नियम १२० क खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्था बमोजिम उक्त कम्पनिसँग ठेक्का सम्झौता अन्त्य गर्दा हालको मुल्यांकन अनुसार पुन ठेक्का आव्हान गर्दा लागत बढ्न गई कार्यालयलाई थप आर्थिक भार पर्ने र आयोजनाको समय समेत लम्बिने र निर्माण कार्य अनिश्चित हुने हुँदा गाउँपालिकाको निर्माणाधिन भवन समयमानै सम्पन्न गर्न साथै कार्यालयलाई थप आर्थिक व्ययभार उत्पन्न नहुने गरि १ वर्षका लागि पुन: अर्को पटकका लागि म्याद थप गर्ने साथै निर्माणाधिन भवनको हालसम्मको कार्यलाई प्राविधिक मुल्याङ्कन गरि बाँकी रहेको पेश्कि फर्छ्यौट गर्ने र सो सम्बन्धि आवश्यक प्रक्रिया अगाडि बढाउनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने साथै निर्णय गरियो ।

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा गण्डकि प्रदेश सरकारको समपूरक अनुदानमा वडा नं. ५ गुम्दामा निर्माणाधिन गुम्दा बहुउद्धेश्यीय सभाहल भवन डि.पि.आर. भई ड्रोइन डिजायन बमोजिम लागत इष्टिमेट तयार गर्दा म्याट फाउन्डेसनमा रहेको इटाको वालको सट्टा ढुंगाको वाल भएको र फिल्डमा काम गर्दा इटाको वाल निर्माण भएको र रकममा खासै धेरै फरक नरहेको तर परिमाणमा धेरै फरक परेको देखिएको हुँदा परिमाण भेरियसन आदेशको लागि प्राविधिक शाखामार्फत पेश भएको हुँदा देहाय बमोजिम भेरियसन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय-

**Variation Order (VO)**

Project Name: Construction of Gumda Multipurpose Conference Hall

| S.N. | Description | Unit | BOQ Estimate Quantity | Rate | Amount as per BOQ Estimate | Variation Order Quantity | Difference in Quantity | Amount as per VO Quantity | Difference in Amount | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | P.C.C (1:3:6) work in foundation | Cum | 20.64 | 10000 | 206400 | 33.09 | 12.45 | 330900 | 124500 | |
| 2 | Random Rubble Masonry work in (1:6) cement sand mortar | Cum | 73.47 | 8000 | 587760 | 0 | -73.47 | 0 | -587760 | |
| 3 | Local Brick Masonry work in (1:4) cement sand mortar in ground floor | Cum | 3.8 | 15000 | 57000 | 35.28 | 31.48 | 529200 | 472200 | |
| | | Total | | | 851160 | | | 860100 | 8940 | |
| | | VAT 13% | | | 110650.8 | | | 111813 | 1162.2 | |
| | | Grand Total | | | 961810.8 | | | 971913 | 10102.2 | |

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत कृषि तथा पशु सेवा शाखाबाट कार्यान्वयन हुने गरि नमुना नर्सरी निर्माण शिर्षकमा रु. ६,००,०००।- बजेट विनियोजित भएको हुँदा सो नर्सरि निर्माण गर्नका लागि जग्गा आवश्यक भएको हुँदा तपशिल बमोजिमको जग्गा वार्षिक रु. २०,०००।– भाडा दिने गरि ३ वर्षका लागि भाडामा लिने र सो सम्बन्धि आवश्यक कार्य अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल

| सि.नं. | जग्गाधनिको नामथर | साविक वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | अमला अधिकारी गुरुङ | उहिया वडा नं. १, गोरखा । | ५२७ | ०-६-३-० | |
| २ | डम्बसिङ गुरुङ | उहिया वडा नं. १, गोरखा । | ५२८ | ०-११-३-१ | |
| ३ | ठूल कान्छा गुरुङ | उहिया वडा नं. १, गोरखा । | ५२९ | ०-११-३-१ | |

१२.प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस धार्चे गाउँपालिका क्षेत्रभित्र बैशाख शुक्ल पूर्णिमा अर्थात बुद्ध जयन्तीको अघिल्लो दिन बैशाख शुक्ल चतुर्दशीका दिनमा विशेष गरि आफ्ना पूर्खा/पितृहरुलाई सम्झना गरि पितृ तथा कुलको धुमधाम रुपमा पूजा गर्ने, घाटु नाच्ने, परिवार, आफन्त र ईष्टमित्रहरु भेटघाट भई रमाईलो गर्ने खुशियाली आदानप्रदान गर्ने तथा आपसमा भाईचारा बाँड्ने लगायतको गतिविधिहरु गरि परम्परादेखिनै भव्य रुपमा मनाउने प्रचलन रहेको हुँदा मिति २०८२।०१।२८ गते आइतबारका दिन गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालय तथा शैक्षिक संस्थाहरु र बैंक तथा वित्तिय संस्थाहरुमा एक दिन सार्वजनिक विदा दिने निर्णय गरियो ।

१३.प्रस्ताव नं. १३ माथि छलफल गर्दा मिति २०८२।०१।२१ गते बसेको गाउँ शिक्षा समितिको बैठकबाट भएको निर्णय अनुमोदनका लागि अध्यक्षमार्फत बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा उक्त निर्णयहरु अनुमोदन गरि आवश्यकतानुसार कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

१४.प्रस्ताव नं. १४ माथि छलफल गर्दा चालु आ.व. २०८१।०८२ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत आवधिक योजना निर्माण गर्नका लागि परामर्शदाताका रुपमा छनौट गरिएको मन्त्र कन्सल्टेन्सि प्रा.लि. ले सो सम्बन्धमा कार्य गरि तयार गरेको आवधिक योजनाको प्रारम्भिक मस्यौदा प्रतिवेदन बैठकमा पेश भई विस्तृत अध्ययन/छलफल भयो । सो सम्बन्धमा उक्त प्रारम्भिक मस्यौदा प्रतिवेदनमा आवश्यकता अनुसार थप/घट गरि आगामी बैठकबाट स्वीकृत/पारित गरि कार्यान्वयनमा लैजाने अन्य आवश्यक प्रक्रिया अगाडी बढाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

१५.प्रस्ताव नं. १५ माथि छलफल गर्दा चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम तथा वजेट अन्तर्गत धार्चे सूचना केन्द्र निर्माण तथा सञ्चालन खर्च शिर्षकमा रु. १०,००,०००।- विनियोजित बजेट कार्यान्वयन गर्ने शिलशिलामा सो सूचना केन्द्र संचालन गर्नका लागि विविध सामाग्रीहरु खरिदका अलवा एउटा उपयुक्त कोठा भाडामा लिनुपर्ने भएको हुँदा सोहि अनुसारको आर.सि.सि.युक्त सडकसँग जोडिएको घरको उपयुक्त कोठा भाडामा लिनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१६.प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस गाउँपालिकामा निर्माण हुने झोलुङ्गे पुलको प्राविधिक सम्बन्धि सम्पूर्ण कार्य गर्न गराउनका लागि मिति २०७८।१२।१७ गते धार्चे गाउँपालिका र हिमाली क्षेत्र विकास केन्द्र, चुमनुब्री-३, सिर्दिबास, गोरखाबीच ३ वर्ष अवधिको लागि सम्झौता भई कार्य अगाडि बढेकोमा सो सम्झौताको यहि मिति २०८१।१२।१७ गते म्याद सकिएको र सो केन्द्रले मिति २०८१।१२।१४ गते पुनः ३ वर्षका लागि म्याद थपको निवेदन पेश गरेको हुँदा उक्त केन्द्रले हालसम्म गरेको कार्य समेतको मुल्याङ्कन गरि प्रचलित कानून बमोजिम २ वर्ष म्याद थप गर्ने र सो सम्बन्धि आवश्यक प्रक्रिया अगाडि बढाउनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

CamScanner

आज मिति २०८२ साल जेठ २७ गते मंगलबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

उपस्थितिहरु:

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

अन्य उपस्थिति

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विनायक तिमिल्सिना | प्रशासकीय अधिकृत | |
| २ | श्री बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| ३ | श्री विजय कुमार श्रेष्ठ | जिन्सी शाखा प्रमुख | |
| ४ | श्री सुन बहादुर गुरुङ | स्वकीय सचिव | |

CS CamScanner

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकबाट भएको निर्णयको कार्यान्वियन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. चालु आ.व. को हालसम्मको विकास निर्माण र सेवा प्रवाहको रिपोर्टिङ सम्बन्धमा ।
३. चालु आ.व. २०८१/०८२ को हालसम्मको वित्तिय प्रगति प्रतिवेदन सम्बन्धमा ।
४. न्यायिक समितिको मासिक प्रगति प्रतिवेदन पेश सम्बन्धमा ।
५. गाउँपालिकास्तरीय अनुगमन समितिको प्रगति प्रतिवेदन पेश सम्बन्धमा ।
६. चालु आ.व.को योजना फरफारक तथा अन्तिम भुक्तानी सम्बन्धमा ।
७. १८ औ गाउँसभा सम्बन्धमा ।
८. आगामी आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम तर्जुमा गर्नका लागि वडास्तरीय योजना छनौट सम्बन्धमा ।
९. आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमाको तयारी सम्बन्धमा ।
१०.आगामी आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रमको तर्जुमाको तयारी सम्बन्धमा ।
११.करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धमा ।
१२.नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा) को उत्खनन तथा संकलन बन्द गर्ने सम्बन्धमा ।
१३.गैर सरकारी संघसंस्थासँग हुने अन्तर्क्रिया कार्यक्रम सम्बन्धमा ।
१४.e-HMIS Digitalize तालिम संचालन सम्बन्धमा ।
१५.मेघा विद्यालयको ठेक्का सम्झौता सम्बन्धमा ।
१६.नौलि खोला आयोजना सम्बन्धमा ।
१७.काजक्रिया खर्च उपलब्ध गराउने सम्बन्धमा ।
१८.घर क्षतिको राहत उपलब्ध गराउने सम्बन्धमा ।
१९.कभर्डहल व्यवस्थापन सम्बन्धमा ।
२०.झोला, टिसर्ट र छाता उपलब्ध गराउने सम्बन्धमा ।
२१.सडक गुरुयोजनाको प्रारम्भिक मस्यौदा पेश गर्ने सम्बन्धमा ।
२२.लाप्राक गुप्सिपाखा खानेपानी आयोजनाको भेरियसन अर्डर सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वियन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वियनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व.को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को दोस्रो चौमासिक अवधिको हालसम्मको तपशिल बमोजिमको आर्थिक प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा पेश भई जानकारी भयो ।

तपशिल

| | विनियोजित रकम (रू.) | खर्च रकम (रू.) | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ३२,४२,०७,७७८ | १८,९९,६४,६९९.०८ | ५८.५९% |
| पूँजीगत तर्फ | १८,३८,०१,२२२ | ४,५७,५८,५८९.६६ | २४.८९% |
| जम्मा | ५०,८०,०९,००० | २३,५७,१३,२८८.७४ | ४६.३९% |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८१/०८२ को हालसम्मको न्यायिक समितिको प्रगति प्रतिवेदन संयोजकमार्फत बैठकमा पेश भई जानकारी भयो ।
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को हालसम्मको गाउँपालिकास्तरीय अनुगमन समितिको प्रगति प्रतिवेदन संयोजकमार्फत बैठकमा पेश भई जानकारी भयो ।
६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व. चालु आ.व. २०८१/०८२ मा कार्य सम्झौता भई कार्यान्वियन/संचालनमा रहेका विभिन्न आयोजना/योजना तथा कार्यक्रमहरुको फरफारक तथा अन्तिम भुक्तानीको लागि मिति २०८२।०३।१५ गते

CamScanner

बेलुका ५ बजेसम्ममा आवश्यक कागजातहरु सहित नियमानुसार पेश गर्न वडामार्फत सबै उपभोक्ता समितिहरु तथा सरोकारवालाहरु लाई जानकारी गर्ने/गराउने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिकाको १८ औ गाउँसभा एवम् बजेट सभा तपशिल बमोजिमको मिति, समय र स्थानमा गर्ने गरि आव्हान गर्ने र सो को सूचना/जानकारी सबै गाउँसभाका सदस्यहरुलाई गर्ने/गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपशिल

मिति :- २०८२।०३।१० गते मंगलबार

समय :- विहान १०:०० बजे

स्थान :- धार्चे गाउँपालिकाको कभर्डहल, माछिखोला, गोरखा ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा आगामी आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम तर्जुमा गर्नका लागि टोलटोलमा गई आम भेला गरि योजना संकलन गरि संकलित योजनाहरुको वडा समितिमा छलफल गरि/गराई योजनाहरुको प्राथमिकिकरण गरि सिफारिस सहित बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने व्यवस्था मिलाउन सबै वडा समितिहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा आगामी आ.व. २०८२/०८३ का लागि यस गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्नका लागि विषयगत समितिहरुले आ-आफ्नो विषय क्षेत्रगत नीति तथा कार्यक्रमहरुको मस्यौदा तयार गरि थप छलफल एवम परिमार्जनका लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने र उक्त समितिले प्रारम्भिक मस्यौदा तयार गरि आगामी कार्यपालिका बैकठमा पेश गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा आगामी आ.व. २०८२/०८३ का लागि यस गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा गर्नका लागि विषयगत समितिहरुले आ-आफ्नो विषय क्षेत्रगत बजेट तथा कार्यक्रमहरुको मस्यौदा तयार गरि थप छलफल एवम परिमार्जनका लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने र उक्त समितिले प्रारम्भिक मस्यौदा तयार गरि आगामी कार्यपालिका बैकठमा पेश गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस पालिकाको कार्यालय अन्तर्गत तपशिल बमोजिम रिक्त रहेको कार्यालय सहयोगी पदमा करार सेवामा कर्मचारी नियुक्ति गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | पद | संख्या | कार्यरत रहने निकाय | तलब स्केल | कैफियत |
|---|---|---|---|---|---|
| १ | का. स. | १ | गा.पा. कार्यालय | २०,०००।- | करार |
| २ | का. स. | १ | केरौजा स्वास्थ्य चौकी | सशर्त अनुदान बमोजिम | करार |

१२.प्रस्ताव नं. १२ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकारबाट जारी भएको **"ढुंगा गिट्टी वालुवा उत्खनन संकलन क्रसिङ र विक्रिवितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५"** को दफा ६ को उपदफा ५ मा **ढुंगा, गिटी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन तथा संकलन कार्य असार १ गतेदेखि भाद्र १५ गतेसम्म गर्न पाईने छैन** भन्ने प्रावधान उल्लेख रहेकोले सोहि बमोजिम यस गाउँपालिका अन्तर्गत रहेको रेसे खोला तथा बुढीगण्डकी नदिको विभिन्न क्षेत्रभित्रबाट उत्खनन तथा संकलन हुँदै आएको नदिजन्य पदार्थहरु (ढुङ्गा, गिट्टी, बालुवा लगायत) यस वर्षको वर्षायाम लागेसँगै उत्खनन तथा संकलन कार्यमा रोक लगाउने र सो सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

१३.प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस गाउँपालिकाको आगामी आ.व. २०८२/०८३ को नीति योजना कार्यक्रम तथा बजेट तर्जुमा गर्नका लागि सल्लाह सुझाव लिने दिने प्रयोजनका लागि साथै गैरसरकारी संघसंस्थाका योजना तथा बजेट संकलन गर्नका लागि तपशिलको मिति, समय र स्थानमा गैरसरकारी संघसंस्थासँग एकदिने बजेट छलफल तथा अन्तर्क्रियात्मक कार्यक्रम आयोजना गर्ने र सो को लागि आवश्यक खर्च विविध शिर्षकबाट गर्ने/गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपशिल

मिति :- २०८२।०२।३१ गते शनिबार

समय :- विहान १०:०० बजे

स्थान :- धार्चे गाउँपालिकाको कभर्डहल, माछिखोला, गोरखा ।

CamScanner

१४.प्रस्ताव नं. १४ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयबाट गण्डकी प्रदेश अन्तर्गतका सबै स्वास्थ्य संस्थाबाट प्रवाह हुने स्वास्थ्य सेवाको अभिलेख इलेक्ट्रोनिक्स स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (e-HMIS) मा प्रविष्टि गरि लागु गर्ने गराउने निर्देशन अनुसार अधिकांश स्थानीय तहहरु Digitalized System मा गईसकेको र सो प्रणालीमा नगएका स्थानीय तहहरुले आगामी आ.व.को सुरुवातदेखिनै जानुपर्ने भएको हुँदा सो कार्यका लागि स्वास्थ्यकर्मीहरुलाई e-HMIS प्रणालीमा विवरण प्रविष्टि गर्नका लागि तालिमको आवश्यकता रहेको हुँदा प्रदेश स्वास्थ्य कार्यालयको प्राविधिक सहयोगमा असारको पहिलो हप्तामा सो तालिम संचालन गर्ने र सो का लागि आवश्यक बजेट विविध खर्च शिर्षकबाट व्यहोर्ने गरि कार्यक्रम अगाडि बढाउने निर्णय गरियो ।

१५.प्रस्ताव नं. १५ माथि छलफल गर्दा नेपाल सरकार संघिय विशेष अनुदानतर्फ श्री प्रभातकिरण मा.वि. धार्चे-७, लापुबेशीको होस्टेल ब्लक निर्माणका लागि कार्यालयको ठेक्का नं. *DRM/NCB/WORKS/01/079/080 Construction of Hostel Block of Mega School (Pravat Kiran Ma.Vi.)* बाट सुनामी एस. ए. जेभि, विदुर न. पा.-७, नुवाकोटसँग मिति २०८०।०२।०४ गते सम्झौता भई पहिलो पटकको म्याद थपले मिति २०८२।०३।१५ गते सम्पन्न गर्ने गरि कायदिश दिई निर्माण कार्य अगाडि बढेकोमा तोकिएको समयभित्र बजेट अभाव लगायतका कारणले गर्दा कार्य सम्पन्न नभएकोले पुन: १ वर्ष म्याद थपका लागि सम्वन्धित निर्माण कम्पनिबाट कार्यालयमा निवेदन पेश हुन आएकोले हालसम्मको कार्यप्रगति समेतलाई मुल्यांकन गरि भवन निर्माण कार्यलाई समयमानै सम्पन्न गर्न साथै कार्यालयलाई थप आर्थिक व्यायभार उत्पन्न नहुने गरि सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली, २०७९ नियम १२० क खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्था बमोजिम माग अनुसार पुन: १ वर्षका लागि म्याद थप गर्ने र सो प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

१६.प्रस्ताव नं. १६ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको समपुरक अनुदानमा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत यस कार्यालयबाट ठेक्का नं. DRM/NCB/WORKS/02/081/082 CONSTRUCTION OF NYAULI JHARNA CANNONING AND VYAFATARA INFRASTRUCTURE (GLASS BRIDGE STRUCTURE) (धार्चे-७,न्याउली) निर्माणका लागि मिति २०८१।११।१३ गते श्री I.D./Survivour J.V., पेप्सीकोला, काठमाडौंसँग सम्झौता भई मिति २०८२।०२।३० गतेभित्र कार्य सम्पन्न गर्ने गरि कायदिश दिईएकोमा तोकिएको समयावधिभित्र भौगोलिक विकटता र वर्षायामले गर्दा निर्माण सामाग्री निर्माणस्थलसम्म ढुवानी गर्न कठिनाई हुने लगायतका कारणले गर्दा कार्य सम्पन्न नहुने भएकोले ६ महिना म्याद थपका लागि सम्बन्धित निर्माण कम्पनिबाट कार्यालयमा निवेदन पेश हुन आएकोले हालसम्मको कार्यप्रगति समेतलाई मुल्यांकन गरि निर्माण कार्यलाई समयमानै सम्पन्न गर्न साथै कार्यालयलाई थप आर्थिक व्यायभार उत्पन्न नहुने गरि सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली, २०७९ नियम १२० क खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्था बमोजिम माग अनुसार छ महिनाका लागि म्याद थप गर्ने र सो प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

१७.प्रस्ताव नं. १७ माथि छलफल गर्दा मिति २०८०।१२।१७ गते वडा नं. ६ मा अविरल वर्षाका कारण आएको बाढि पहिरोमा परि सोहि वडाको चामखर्क निवासी वर्ष ४३ को फूल बहादुर गुरुङको मृत्यु भएको र प्रहरी मुचुल्का गर्दा बाढि पहिरोले बगाई ल्याएको ढुङ्गाले लागि मृत्यु भएको हुनुपर्नेमा भूलवस सडक बाटोमा हिडिरहेको अवस्थामा माथि भीरबाट ढुङ्गा खरस टाउकोमा चोट लागि मृत्यु भएको भनि उल्लेख हुन गई विपदजन्य घटनाबाट मृत्यु भएको हकमा नियमानुसार संघिय र प्रदेश सरकारबाट प्राप्त हुने कुनै पनि आर्थिक राहत नपाएकोले मृतकको सामाजिक परम्परा अनुसार हुने काजक्रिया/मृत्युसंस्कारका लागि सहयोग होस भन्ने हेतुले स्थानीय सरकारको जनताप्रतिको दायित्व र भूमिकालाई थप प्रभावकारी बनाउनका लागि काजक्रिया खर्च वापत रु. ५०,०००।– (अक्षरुपी पचास हजार रुपैया मात्र) विपद व्यवस्थापन शिर्षकबाट उपलब्ध गर्ने/गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

१८.प्रस्ताव नं. १८ माथि छलफल गर्दा चालु आ.व.को श्रावण महिनामा केहि दिनदेखि परेको अविरल वर्षाका कारण १३ गते आएको बाढिपहिरोले वडा नं. ५ रेसेफाँटमा रहेको एक घर पुरिदा सोहि घरमा बास बसेका ५ जनाको मृत्यु भएको र सोहि दिन सिङ्लामा धेरै घरहरुमा क्षति भएको हुँदा विपदजन्य घटनाबाट भएको भौतिक क्षतिमा नियमानुसार उपलब्ध हुने आर्थिक राहत बमोजिम पूर्ण क्षति भएको घरको हकमा रु. २५,०००।– (अक्षरुपी पच्चिस हजार रुपैया मात्र) र आंशिक क्षति भएको घरको हकमा रु. १५,०००।– (अक्षरुपी पन्ध्र हजार रुपैया मात्र) सम्म विपद व्यवस्थापन शिर्षकबाट उपलब्ध गर्ने/गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

१९.प्रस्ताव नं. १९ माथि छलफल गर्दा गाउँपालिकाले गर्ने सबै किसिमका कार्यक्रमहरु तालिमहरु लगायतका अन्य कार्यक्रमहरु धार्चे कभडहलमा संचालन गर्नुपर्ने भएको हुँदा कभर्डहलमा झ्याल राख्ने ढोका व्यवस्थित गर्ने शौचालय परिसरमा तारबार गर्ने लगायत कार्य गरि थप व्यवस्थित गर्नका लागि प्राविधिक इष्टिमेट बमोजिम कार्य गरि लाग्ने खर्च कन्टिन्जेन्सिबाट व्यहोर्ने गरि कार्य अगाडि बढाउने निर्णय गरियो ।

CS CamScanner

२०.प्रस्ताव नं. २० माथि छलफल गर्दा गाउँपालिकाका जनप्रतिनिधिहरु, कार्यालय र अन्तर्गत कार्यरत कर्मचारीहरु तथा सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुलाई गाउँपालिकाको विकास निर्माण, सेवा प्रवाह र कार्यसम्पादनलाई थप चुस्त, दुरुस्त, छिटो, छरितो, गुणस्तरीय एवम् प्रभावकारी तुल्याउनका लागि प्रोत्साहन गरि नतिजा तथा उपलब्धि हासिल गर्नका लागि गाउँपालिकाको लोगो अंकित झोला र टिसर्ट तथा वर्षायाममा कार्यालय आवातजावत र फिल्डमा जादा पानी पर्दाका बखत ओडनका लागि छाता एवम् रेनकोट खरिद गरि सभा संचालन खर्च र विविध खर्चबाट भुक्तानी दिने गरि उपलब्ध गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

२१.प्रस्ताव नं. २१ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत सडक गुरु योजना निर्माण गर्नका लागि परामर्शदाताका रुपमा छनौट गरिएको जेनेक्स इन्जिनियरिङ सोलुसन प्रा.लि.,ललितपुरले सो सम्बन्धमा कार्य गरि तयार गरेको सडक गुरु योजनाको प्रारम्भिक मस्यौदा प्रतिवेदन बैठकमा पेश भई विस्तृत अध्ययन/छलफल भयो । सो सम्बन्धमा उक्त प्रारम्भिक मस्यौदा प्रतिवेदनमा प्राप्त भएका पृष्ठपोषणलाई आवश्यकता अनुसार समावेश गरि स्वीकृत/पारित गरि कार्यान्वयनमा लैजानेका लागि अन्य आवश्यक प्रक्रिया अगाडी बढाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

२२.प्रस्ताव नं. २२ माथि छलफल गर्दा प्रदेश सरकारको विशेष अनुदानमा वडा नं. ४ लाप्राकमा निर्माणाधिन लाप्राक गुप्सि पाखा सोलार पम्पिङ खानेपानी आयोजना डि.पि.आर. भई ड्रोइन डिजायन बमोजिम लागत इष्टिमेट तयार गर्दा तपशिल बमोजिमका Items को परिमाण थप गर्नुपर्ने देखिएको हुँदा परिमाण भेरियसन आदेशको लागि प्राविधिक शाखामार्फत सबै तोकिएका प्रक्रियाहरु पुरा गरि पेश भएको हुँदा देहाय बमोजिम भेरियसन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय

**Variation Order (VO)**

Project Name: Laprak Gupshipakha Solar Pun

| S.N. | Description | Unit | BOQ Estimate Quantity | Rate | Amount as per BOQ Estimate | Variation Order Quantity | Difference in Quantity | Amount as per VO Quantity | Difference in Amount | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Armoured Conductor Wire, 6sq.mm., 3 core | rm | 0 | 750 | 0 | 80 | 80 | 60,000.00 | 60,000.00 | |
| | | Total | | | 0 | | | 60,000.00 | 60,000.00 | |
| | | VAT 13% | | | 0 | | | 7,800.00 | 7,800.00 | |
| | | Grand Total | | | 0 | | | 67,800.00 | 67,800.00 | |

आज मिति २०८२ साल असार ३ गते मंगलबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरुः**

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र वहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

**अन्य उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| २ | श्री विजय कुमार श्रेष्ठ | जिन्सी शाखा प्रमुख | |
| ३ | श्री सुन बहादुर गुरुङ | स्वकीय सचिव | |
| ४ | | | |

CamScanner

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. चालु आ.व. को हालसम्मको विकास निर्माण र सेवा प्रवाहको रिपोर्टिङ सम्बन्धमा ।
३. आगामी आ.व. २०८२/०८३ को लागि बजेट सिमा सम्बन्धमा ।
४. आगामी आ.व. २०८२/०८३ को लागि वडागत बजेट सिलिङ सम्बन्धमा ।
५. लोर्चे सिन्टु खोला गोरेटो बाटो मर्मत सम्भार गर्ने सम्बन्धमा ।
६. सडक हेरालु सम्बन्धमा ।
७. कटुवालको भत्ता भुक्तानी गर्ने सम्बन्धमा ।
८. वडा नं. २ केरौजामा सम्पन्न स्वास्थ्य शिविर सम्बन्धमा ।
९. पाईप वितरण सम्बन्धमा ।
१०.गुम्दा बहुउद्धेश्यीय सभाहलको म्याद थप सम्बन्धमा ।
११.कृषि उत्पादनमा आधारित नगद अनुदान सम्बन्धमा ।
१२.मासुजन्य उत्पादनमा आधारित नगद अनुदान सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व.को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आगामी आ.व. २०८२/०८३ को लागि देहायका स्रोतहरुबाट तपशिल बमोजिमको बजेट सिमा प्राप्त भएको हुँदा सोहि बमोजिम कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

तपशिल

आ.व. २०८२/०८३ को अनुमानित आय

| सि.नं. | स्रोत समूह | अनुमानित आय |
|---|---|---|
| १ | संघीय सरकार, नेपाल सरकार,१३३११-समानिकरण अनुदान, नगद अनुदान | १०,६०,००,००० |
| २ | संघीय सरकार, नेपाल सरकार,१३३१२-शसर्त अनुदान चालु, नगद अनुदान | १७,७७,००,००० |
| ३ | संघीय सरकार, नेपाल सरकार,१३३१३-शसर्त अनुदान पुँजीगत, नगद अनुदान | ६,००,००० |
| ४ | संघीय सरकार, नेपाल सरकार,१३३१७-समपुरक अनुदान पुँजीगत, नगद अनुदान | २२,००,००० |
| ५ | संघीय सरकार, नेपाल सरकार बिशेष अनुदान | १,५०,००,००० |
| ६ | राजस्व बाडफाड,राजस्व बडिफाडि - संघीय सरकार,१००२०-राजस्व बडिफाडि, नगद | १०,२६,०३,६९१ |
| ७ | प्रदेश सरकार समानीकरण अनुदान | १,१९,०२,००० |
| ८ | प्रदेश सरकार राजस्व बडिफाडि | १,१३,६५,००० |
| ९ | प्रदेश सरकार समपुरक अनुदान | ६०,००,००० |
| १० | प्रदेश सरकार बिशेष अनुदान | ४०,००,००० |
| ११ | प्रदेश सरकार सशर्त अनुदान पुँजीगत | २,००,००० |
| १२ | बैक मौज्दात/अल्या २०८१/०८२ | ६,००,००,००० |
| १३ | आन्तरिक श्रोत | ७०,००,००० |
| | कुल जम्मा | ५०,४५,७०,६९१ |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आगामी आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम तर्जुमा गर्नका लागि वडाहरुलाई तपशिल बमोजिम बजेट सिलिङ निर्धारण गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | वडा | वजेट सिलिङ रु.लाखमा | कैफियत | सि.नं. | वडा | वजेट सिलिङ रु.लाखमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ४० | | ५ | ५ | ८० | |
| २ | २ | ६० | | ६ | ६ | ५५ | |
| ३ | ३ | ५० | | ७ | ७ | ५५ | |
| ४ | ४ | ७० | | | | | |

CamScanner

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा वर्षायामका समयमा अविरल पानीका कारण रेसेखोलामा पानीको वहाव बढन गई माछिखोला रेसे सडक बन्द हुने हुँदा मानिसहरु तथा पशुचौपाय आवतजावत गर्नका लागि गोरेटो बाटो प्रयोग गर्नुपर्ने आवश्यकता रहेकोले लोर्चे सिन्टु खोला गोरेटो बाटो मर्मत सम्भार गर्ने र प्राविधिक मुल्याङ्कनका आधारमा विपद व्यवस्थापन शिर्षकबाट आवश्यक भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा गर्दा यस धार्चे गाउँपालिका भौगोलिक रुपमा विकट तथा जटिल भूधरातलयुक्त रहेको हुनाले अधिकाशं ग्रामिण कच्चि सडक भएका र वर्षायामको समयमा अविरल वर्षाले गर्दा अधिकाशं सडकहरु भत्किने/विग्रिने हुँदा तपशिल बमोजिमका सडकहरुमा देहाय अनुसार सडक हेरालु राखि सडकमा बग्ने भेलपानीको व्यवस्थापन गरि सडकलाई सुचारु अवस्थामा राख्ने व्यवस्था मिलाउने र सडक हेरालुहरुलाई पारिश्रमिक स्वरुप मासिक रु. १०,०००।– का दरले जम्मा ४ महिना (असार, श्रावण, भाद्र र असोज) का लागि उपलब्ध गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपशिल

| सि.नं. | सडक खण्डको नाम | सडक हेरालुको नाम | कैफियत |
|---|---|---|---|
| १ | दोभान हुल्चुक सडक | धान सिरिङ गुरुङ | |
| २ | दोभान उहिया सडक | मणिपाल गुरुङ | |
| ३ | खोर्लाबेशी खोर्ला सडक | किसान गुरुङ | |
| ४ | लामाबेशी केरौजा सडक | सिङ बहादुर गुरुङ | |
| ५ | रेसे सिङ्ला सडक | सुरमान गुरुङ | |
| ६ | रेसे गुम्दा सडक | पूर्ण बहादुर गुरुङ | |
| ७ | खानीबेशी खानीगाउँ सडक | राम माया गुरुङ | |
| ८ | लापुबेशी लापु सडक | चित्र बहादुर गुरुङ | |
| ९ | छोटेखोला यार्सा सडक | लोक बहादुर गुरुङ | |
| १० | सबिचौतारा गुप्सीपाखा सडक | महेश गुरुङ | |

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस धार्चे गाउँपालिका अन्तर्गतको सम्पुर्ण वडाहरुमा विगत देखिनै प्रचलनमा रहेको कटुवाल प्रथालाई निरन्तरता दिने र पारिश्रमिक वापत मासिक रुपमा रु. १,५००।– (अक्षेरुपी पन्ध्र सय रुपैया मात्र) गाउँ कार्यपालिकाको कार्यालयमार्फत उपलब्ध गराउने यस अगाडिको निर्णय बमोजिम चालु आ.व.का सबै वडा अन्तर्गत कटुवालका रुपमा कार्यरत व्यक्तिहरुलाई वडाको सिफारिसका आधारमा विविध खर्च शिर्षकबाट भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा वडा नं. २ स्थित केरौजा स्वास्थ्य चौकीमा केरौजा, काशीगाउँ, रुन्चेत, लामावेशि र हुल्चुकलाई लक्षित गरि मुटु फाउण्डेसन नेपालसँगको समन्वय, सहकार्य र साझेदारीमा निशुल्क स्त्रीरोग तथा जनरल स्वास्थ्य परिक्षण र उपचार व्यवस्थापन स्वास्थ्य शिविर कार्यक्रम संचालन भएको र सो स्वास्थ्य शिविरमा सहभागी स्वास्थ्यकर्मीको लागि खाना, खाजा र बासको व्यवस्थापन गाउँपालिकाबाट गर्ने गरि सहमति भएको हुँदा सो वापत भएको विल बमोजिमको खर्च रकम विविध खर्च शिर्षकबाट भुक्तानीको व्यवस्था मिलाउने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत खानेपानी तथा सरसफाई शिर्षकमा रु. ८,००,०००।– बजेट विनियोजन भई कार्यान्वयन गर्नका लागि सो बजेटबाट खानेपानी तथा सिंचाई पाईप खरिद गरिएको हुँदा सोका लागि प्राप्त हुन आएको माग निवेदनका आधारमा तपशिल बमोजिमका लाभग्राहीहरुलाई वितरण गर्ने गराउने निर्णय गरियो ।

तपशिल

| सि.नं. | वडा | लाभग्राहिको नामथर | परिमाण (मि.मा) | प्रायोजन | कैफियत |
|---|---|---|---|---|---|
| १ | २ | कार्की गुरुङ | १८०० मिटर | खानेपानी व्यवस्थापन | २० mm |
| २ | २ | कृष्ण गुरुङ | १२० मिटर | आधुनिक घट्ट निर्माण निरन्तरता | ७५ mm |
| ३ | २ | कृष्ण गुरुङ | १०० मिटर | आधुनिक घट्ट निर्माण निरन्तरता | ६३ mm |
| ४ | ३ | खस बहादुर गुरुङ | २०० मिटर | खानेपानी ढल व्यवस्थापन | ६३ mm |
| ५ | ३ | सुन बहादुर घले | १७०० मिटर | खानेपानी व्यवस्थापन | २५ mm |

CamScanner

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा आ.व. २०७८/०७९ मा यस कार्यालयबाट ठेक्का नं. DRM/NCB/Works/01/078/079 Construction of Gumda Multipurpose Conference Hall (धार्चे-५ गुम्दा) निर्माणका लागि मिति २०७९।१०।२९ गतेभित्र कार्य सम्पन्न गर्ने गरि मिति २०७८।११।२३ गते श्री गोरखनाथ कन्स्ट्रक्सन एण्ड मर्चेण्डिसर प्रा.लि. काठमाडौलाई कायदिश दिईएकोमा सो अवधिमा कार्यसम्पन्न गर्न नसकी मिति २०८०।१०।२९ गतेसम्म म्याद कायम हुने गरि पहिलो पटक, मिति २०८१।०४।२९ गतेसम्म म्याद कायम हुने गरि दोस्रो पटक, मिति २०८१।१०।२९ गतेसम्म म्याद कायम हुने गरि तेस्रो पटक र मिति २०८२।०३।१५ गतेसम्म म्याद कायम हुने गरि चौथो पटक थप भएकोमा सो अवधिमा समेत विविध कारणले कार्य सम्पन्न हुन नसकेको र उक्त निर्माण कम्पनीबाट पुन ६ महिनाका लागि म्याद थप गरिदिन भनि निवेदन पेश हुन आएकोले हालसम्मको कार्यप्रगति समेतलाई मुल्यांकन गरि सार्वजनिक खरिद (बाह्रौ संशोधन) नियमावली, २०७९ नियम १२० क खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्था बमोजिम मिति २०८२।०९।१५ गतेसम्म म्याद कायम हुने गरि थप गर्ने र म्याद थपका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत कृषि उत्पादनको आधारमा नगद अनुदान शिर्षकमा रु. १५,००,०००।– बजेट विनियोजन भई कार्यान्वयन गर्नका लागि कृषि उत्पादनको आधारमा नगद अनुदान (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ को आधारमा तपशिल बमोजिमका लाभग्राहिहरुलाई देहाय बमोजिम नगद अनुदान दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | आवेदकको नाम | ठेगाना | सम्पर्क व्यक्ति | अनुदानको किसिम | जम्मा उत्पादन | अनुदान रकम |
|---|---|---|---|---|---|---|
| १ | श्री भिरकुना हरियाली कृषक समूह | धार्चे-७,भिरकुना | राजन गुरुङ | डल्ले खुर्सानी उत्पादन | ६७५० के.जी | ५०,००० |
| २ | धार्चे ड्रागन फलफुल तथा पशुपन्छि कृषि फर्म | धार्चे-७,लापुबेशी | सम बहादुर गुरुङ | ड्रागन फलफुल र मह उत्पादन | ड्रागनः४३४७ के.जी, महः-२४० के.जी | ३०,००० |
| ३ | जिदन गुरुङ | धार्चे-७,लापुबेशी | जिदन गुरुङ | केरा उत्पादन | ८०७५ के.जी | ४०,००० |
| ४ | जितान गुरुङ | धार्चे-७,लापुबेशी | जितान गुरुङ | केरा उत्पादन | २०४० के.जी | २०,००० |
| ५ | बिमाया गुरुङ | धार्चे-७,लापुबेशी | बिमाया गुरुङ | केरा खेति | १०,२०० के.जी | ५१,००० |
| ६ | श्री नमुना गुम्दा गाउँ बहुउधेशीय कृषक समूह | धार्चे-५,गुम्दा | मुना गुरुङ | आलु उत्पादन र सुन्तलामा लागत | आलुः-३४ मुरी, सुन्तला लागत ३ रोपनीमा १ लाख | २०,००० |
| ७ | लाक्पा गुरुङ | धार्चे-२,रुन्चेत | लाक्पा गुरुङ | मकै उत्पादन | ४५ मुरी | १३,५०० |
| ८ | राम बहादुर घले | धार्चे-२,रुन्चेत | राम बहादुर घले | सुन्तला उत्पादन | ८००० के.जी | ४०,००० |
| ९ | मिकमर घले | धार्चे-२,रुन्चेत | मिक्मर घले | सुन्तला उत्पादन | ३,००० के.जी | ३०,००० |
| १० | कामी गुरुङ | धार्चे-२,रुन्चेत | कामी गुरुङ | किवी फलफुल उत्पादन | १२०० के.जी | १२,००० |
| ११ | बिर बहादुर गुरुङ | धार्चे-२,रुन्चेत | बिर बहादुर गुरुङ | किवी र प्याज उत्पादन | किवीः-६४० के.जी, प्याजः-२०० के.जी | ९,००० |
| १२ | सुनिता गुरुङ | धार्चे-३,खोर्लबिशी | सुनिता गुरुङ | केरा उत्पादन | ४०१२ के.जी | ४०,००० |
| १३ | श्री उहिया कृषक आमा समूह | धार्चे-३, उहिया | आतमाया गुरुङ | मार्शी धान र फापर उत्पादन | मार्शी धानः- २० मुरी, फापरः-१२ मुरी | ३२,००० |

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | दोम्जे कृषि तथा पशुपंक्षि फर्म | धार्चे-६,दोम्जे | कान्छा गुरुङ | सुन्तला उत्पादन | १०,००० के.जी | ५०,००० |
| १५ | छन्दे घले | धार्चे-२ | छन्दे घले | केरा उत्पादन | ३०६० के.जी | ३०,००० |
| | जम्मा | | | | | ४,६७,५०० |

१२.प्रस्ताव नं. १२ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत मासुजन्य उत्पादनको आधारमा नगद अनुदान शिर्षकमा रु. १५,००,०००।– बजेट विनियोजन भई कार्यान्वयन गर्नका लागि मासुजन्य उत्पादनको आधारमा नगद अनुदान (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ को आधारमा तपशिल बमोजिमका लाभग्राहिहरुलाई देहाय बमोजिम नगद अनुदान दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपशिल

| क.स. | दर्ता नं | नाम थर | ठेगाना | पशुको प्रकार | कुल उत्पादित परिणाम | प्रति केजी/गोटा दर | जम्मा प्राप्त गर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८८ | डुन्डुप गुरुङ | धार्चे-०१ | खसि/बोका | १६७.०० | ३०.०० | रु ५,०१०.०० | |
| २ | ९१ | पन्नि गुरुङ | धार्चे-०१ | खसि/बोका | १३९.०० | ३०.०० | रु ४,१७०.०० | |
| ३ | ८९ | गमान गुरुङ | धार्चे-०१ | खसि/बोका | २४६.०० | ३०.०० | रु ७,३८०.०० | |
| ४ | ८७ | बलमो गुरुङ | धार्चे-०१ | खसि/बोका | १७७.०० | ३०.०० | रु ५,३१०.०० | |
| ५ | ८६ | सिर्जना घले | धार्चे-०१ | खसि/बोका | १४१.०० | ३०.०० | रु ४,२३०.०० | |
| ६ | ८५ | सिर्कित घले | धार्चे-०१ | खसि/बोका | ८१.०० | ३०.०० | रु २,४३०.०० | |
| ७ | ८४ | मनमाया घले | धार्चे-०१ | खसि/बोका | ७४.२० | ३०.०० | रु २,२२६.०० | |
| ८ | ९० | धनि घले | धार्चे-०१ | खसि/बोका | ९३.०० | ३०.०० | रु २,७९०.०० | |
| ९ | ८३ | रानि घले | धार्चे-०१ | खसि/बोका | १०२.०० | ३०.०० | रु ३,०६०.०० | |
| | जम्मा | | | | १,२२०.२० | ३०.०० | रु ३६,६०६.०० | |

| क.स. | दर्ता नं | नाम थर | ठेगाना | पशुको प्रकार | कुल उत्पादित परिणाम | प्रति केजी/गोटा दर | जम्मा प्राप्त गर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३ | नरसिङ गुरूङ | धार्चे-०३ खोर्ला | बाख्रा | ६० | ३० | १८०० | |
| | | जम्मा | | | ६० | ३० | १८०० | |

मासुजन्य उत्पादनको आधारमा नगद अनुदान कार्यक्रमको लागि भुक्तानि

| क.स | दर्ता न. | नाम थर | ठेगाना | पशुको प्रकार | कुल उत्पादित परिणाम केजि | प्रति गोटा /केजि दर | जम्मा प्राप्त गर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ९२ | सुजित गुरूङ | धार्चे-०४ | खसि/बोका | ३४०.५ | ३० | रु १०,२१५.०० | |
| २ | ९३ | दल बहादुर गुरूङ | धार्चे-०४ | कुखुरा | २४० | ७० | रु १६,८००.०० | |
| ३ | ९४ | डम्मर गुरुङ | धार्चे-०४ | पाडा/पाडि | २४४३ | १५ | रु ३६,६४५.०० | |
| | | जम्मा | | | | | रु ६३,६६०.०० | |

| क.स. | दर्ता नं | नाम थर | ठेगाना | पशुको प्रकार | कुल उत्पादित परिणाम | प्रति केजी/गोटा दर | जम्मा प्राप्त गर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५५ | तिसमाया गुरुङ | धार्चे -५ | बंगुर पालन | ११५ | ४० | ४,६००.०० | |
| २ | ६६ | आस बहादुर गरुङ | धार्चे -५ | खसि।बोका | १०६ | ३० | ३,१८०.०० | |
| | | | | | | | ७,७८०.०० | |

| क.स. | दर्ता नं | नाम थर | ठेगाना | पशुको प्रकार | कुल उत्पादित परिणाम | प्रति केजी/गोटा दर | जम्मा प्राप्त गर्ने रकम | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ९९ | डुम बहादुर गुरुङ | धार्चे-०६ काशिगाउं | बोका/खसि | १५३ | रु ३० | रु ४,५९० | |
| २ | १११ | बुद्धि प्रसाद घले | धार्चे-०६ काशिगाउं | बोका/खसि | ८२ | रु ३० | रु २,४६० | |
| ३ | १०१ | बद्दिमाया घलर् | धार्चे-०६ काशिगाउं | बोका/खसि | ७३ | रु ३० | रु २,१९० | |
| | | जम्मा | | | ३०८ | | रु ९,२४० | |

CamScanner

| क.स | दर्ता न. | नाम थर | ठेगाना | पशुको प्रकार | कुल उत्पादित परिणाम | प्रति गोटा दर | जम्मा प्राप्त गर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | दल बहादुर गुरुङ | धार्चे-७ लापु बेसि | ब्रोईलर | २२४ | ७०.०० | १५,६८०.०० | |
| २ | ५ | समिक्षा गुरुङ | धार्चे-७ लापु बेसि | ब्रोईलर | २२५ | ७०.०० | १५,७५०.०० | |
| ३ | ६ | मन माया गुरुङ | धार्चे-७ लापु बेसि | ब्रोईलर | ४०६ | ७०.०० | २८,४२०.०० | |
| ४ | ४ | धनमाया गुरुङ | धार्चे-७ लापु बेसि | ब्रोईलर | १४० | ७०.०० | ९,८००.०० | |
| ५ | ५ | बिम्भि गुरुङ | धार्चे-७ लापु बेसि | ब्रोईलर | २६९ | ७०.०० | १८,८३०.०० | |
| ६ | १४ | हिरामाया गरुङ | धार्चे-७ लापु बेसि | ब्रोईलर | ३४० | ७०.०० | २३,८००.०० | |
| ७ | २ | कुमार गुरुङ | धार्चे-७ लापु बेसि | ब्रोईलर | २५१ | ७०.०० | १७,५७०.०० | |
| ८ | ९ | मन बहादुर गुरुङ | धार्चे-७ लापु बेसि | ब्रोईलर | ३०६ | ७०.०० | २१,४२०.०० | |
| ९ | ५ | शेर बहादुर गुरुङ | धार्चे-७ लापु बेसि | ब्रोईलर | २३९ | ७०.०० | १६,७३०.०० | |
| १० | २ | धर्मे गुरुङ | धार्चे-७ लापु बेसि | ब्रोईलर | ४५० | ७०.०० | ३१,५००.०० | |
| ११ | १ | डाका गुरुङ | धार्चे-७ लापु बेसि | ब्रोईलर | ५९४ | ७०.०० | ४१,५८०.०० | |
| १२ | ६५ | पुतात गुरुङ | धार्चे-७ लापु बेसि | ब्रोईलर | १०३ | ७०.०० | ७,२१०.०० | |
| १३ | ८ | छुकी गुरुङ | धार्चे-७ लापु | ब्रोईलर | १९० | ७०.०० | १३,३००.०० | |
| १४ | ५८ | कान्छिमाया गुरुङ | धार्चे-७ लापु | खसि/बोका | १७९ | ३०.०० | ५,३७०.०० | |
| १५ | ५९ | साम्मनि गुरुङ | धार्चे-७ लापु | रागी/खसि | रागी१५०६+बोका२४१ | (रागी रु१५+ बोका रु ३० | २९,८३५.०० | |
| १६ | ६० | धर्मे गुरुङ | धार्चे-७ लापु | बोका/खसि | २०० | ३०.०० | ६,०००.०० | |
| १७ | ९७ | बिष्मान गुरुङ | धार्चे-७ लापु | रागा/पाडा | ३३७५ | १५.०० | ५०,६२५.०० | |
| १८ | ५७ | छन्दिमाया गुरुङ | धार्चे-७ लापु | खसि/बोका | २०६ | ३०.०० | ६,१८०.०० | |
| १९ | ९८ | आईपाल गुरुङ | धार्चे-७ लापु | खसि/बोका | १९२ | ३०.०० | ५,७६०.०० | |
| २० | ६२ | सुक बहादुर गुरुङ | धार्चे-७ लापु | खसि/बोका | १९२ | ३०.०० | ५,७६०.०० | |
| २१ | ६३ | बुध बहादुर गरुङ | धार्चे-७ लापु | खसि/बोका | १८९ | ३०.०० | ५,६७०.०० | |
| २२ | ७ | आसर्ति गुरुङ | | | | | - | |
| | | | | | जम्मा | रु | ३,७६,७९० | |

| क.स. | दर्ता नं | नाम थर | ठेगाना | पशुको प्रकार | कुल उत्पादित परिणाम | प्रति केजी/गोटा दर | जम्मा प्राप्त गर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १७ | सार्कि गुरुङ | धार्चे-०२ रुखेत | खसि/बोका | १९८.१८ | ३०.०० | ५,९४५.४० | |
| २ | १८ | मन देवा गुरुङ | धार्चे-०२ रुखेत | खसि/बोका | १८५.२७ | ३०.०० | ५,५५८.१० | |
| ३ | २० | छोटे घले | धार्चे-०२ रुखेत | खसि/बोका | ११७.१२ | ३०.०० | ३,५१३.६० | |
| ४ | २१ | सुक बहादुर गुरुङ | धार्चे-०२ रुखेत | खसि/बोका | १३५.४० | ३०.०० | ४,०६२.०० | |
| ५ | २३ | मेयानि गुरुङ | धार्चे-०२ रुखेत | खसि/बोका | ६४.०० | ३०.०० | १,९२०.०० | |
| ६ | २४ | रामसुर गुरुङ | धार्चे-०२ रुखेत | खसि/बोका | २३१.९५ | ३०.०० | ६,९५८.५० | |
| ७ | २५ | कान्छा गुरुङ | धार्चे-०२ रुखेत | खसि/बोका | १११.६० | ३०.०० | ३,३४८.०० | |
| ८ | २६ | कमान सिङ गुरुङ | धार्चे-०२ रुखेत | खसि/बोका | १५७.७० | ३०.०० | ४,७३१.०० | |
| ९ | २३ | सुन छिरिङ गुरुङ | धार्चे-०२ केरौजा बेशि | खसि/बोका | ३१.६८ | ३०.०० | ९५०.४० | |
| १० | ३८ | सोना गुरुङ | धार्चे-०२ रुखेत | ब्रोईलर | २३५.०० | ७०.०० | १६,४५०.०० | |
| ११ | ४२ | कमिसा गुरुङ | धार्चे-०२ केरौजा बेशि | खसि/बोका | ५३.६४ | ३०.०० | १,६०९.२० | |
| १२ | ४९ | सुन्दर गुरुङ | धार्चे-०२ रुखेत | खसि/बोका | ५८.०० | ३०.०० | १,७४०.०० | |
| १३ | ५० | बुधे गुरुङ | धार्चे-०२ रुखेत | खसि/बोका | ७९.५० | ३०.०० | २,३८५.०० | |
| १४ | ५१ | मैतमान गुरुङ | धार्चे-०२ रुखेत | खसि/बोका | ७६.७१ | ३०.०० | २,३०१.३० | |
| १५ | ५२ | कान्छा ब गुरुङ | धार्चे-०२ रुखेत | खसि/बोका | ५४.०० | ३०.०० | १,६२०.०० | |
| १६ | २९ | सुनार गुरुङ | धार्चे-०२ रुखेत | खसि/बोका | ८७.८८ | ३०.०० | २,६३६.२८ | |
| १७ | ४३ | कृष्ण गरुङ | धार्चे -०२ केरौजा | खसि/बोका | ३९९.०० | ३०.०० | ११,९७०.०० | |
| १८ | ४६ | बिष्णु घले | धार्चे -०२ केरौजा | खसि/बोका | १२५ | ३०.०० | ३,७५०.०० | |
| १९ | ४७ | राम गुरुङ घले | धार्चे -०२ केरौजा | खसि/बोका | ३८५ | ३०.०० | ११,५५०.०० | |
| २० | ४५ | राम बहादुर गुरुङ | धार्चे -०२ केरौजा | खसि/बोका | ११३ | ३०.०० | ३,३९०.०० | |
| २१ | ४० | खड्ग बहादुर गरुङ | धार्चे -०२ केरौजा | खसि/बोका | १९३ | ३०.०० | ५,७९०.०० | |
| २२ | ४४ | नाम्रा गुरुङ | धार्चे -०२ केरौजा | खसि/बोका | ९२ | ३०.०० | २,७६०.०० | |
| २३ | | कान्छा गुरुङ | धार्चे-०२ रुप्चेत | खसि/बोका | ८०.०० | ३०.०० | २,४००.०० | |
| | | जम्मा | | | | | १,०७,३३८.७८ | |

CS CamScanner

आज मिति २०८२ साल असार ९ गते सोमबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरुः**

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

**अन्य उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| २ | श्री विजय कुमार श्रेष्ठ | जिन्सी शाखा प्रमुख | |
| ३ | श्री सुन बहादुर गुरुङ | स्वकीय सचिव | |
| ४ | | | |

CamScanner

प्रस्तावहरु:

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम माथि छलफल सम्बन्धमा ।
३. आ.व. २०८२/०८३ को बजेट वक्तव्य माथि छलफल सम्बन्धमा ।
४. धार्चे गाउँपालिकाको आर्थिक विधेयक, २०८२ सम्बन्धमा ।
५. धार्चे गाउँपालिकाको विनियोजन विधेयक, २०८२ सम्बन्धमा ।
६. आ.व. २०८२/०८३ को वार्षिक गा.पा.स्तरीय र वडास्तरीय योजना/आयोजना/कार्यक्रमको छलफल सम्वन्धमा।
७. आ.व. २०८२/०८३ को लागि विषयगत शाखाका योजना/आयोजना/कार्यक्रमको छलफल सम्बन्धमा।
८. पुसुडाँडा गेट निर्माणको भुक्तानी सम्बन्धमा ।
९. दोस्रो आवधिक योजना (२०८१/०८२ - २०८५/०८६) सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस धार्चे गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिको मिति २०८२।०३।०९ को बैठकले तयार गरी पेश भएको नीति तथा कार्यक्रममाथि आवश्यक संशोधन गरी गाउँसभामा पेश गर्ने गराउने निर्णय सर्वसहमतिले गरियो ।
३. प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०८२।०३।०४ गतेको बैठकले अनुमानित आय र विषय क्षेत्रगत व्ययका रुपमा गरेको सिमा निर्धारणका आधारमा मिति २०८२।०३।०९ गते बसेको बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरि पेश भएको कुल अनुमानित आय जम्मा रु. ४७,९५,७०,६९१।– (अक्षेरुपी सत्चालीस करोड पञ्चानब्वे लाख सत्तरी हजार छ सय एकानब्धे रुपैया मात्र) र कुल अनुमानित व्यय जम्मा रु. ४७,९५,७०,६९१।–(अक्षेरुपी सत्चालीस करोड पञ्चानब्वे लाख सत्तरी हजार छ सय एकानब्धे रुपैया मात्र) सहितको बजेट गाउँसभामा पेश गर्ने गराउने निर्णय सर्वसहमतिले गरियो ।
४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि गाउँपालिका र अन्तर्गतका निकायहरुद्धारा उठाउने राजश्वलाई चुस्त, दुरुस्त, पारदर्शी, प्रभावकारी एवम् वैधानिक रुपमा संकलन गर्ने गराउने व्यवस्थाका लागि धार्चे गाउँपालिकाको राजश्व परामर्श समितिको मिति २०८२।०३।०२ गतेको बैठकबाट मस्यौदा तयार गरिएको धार्चे गाउँपालिकाको आर्थिक विधेयक, २०८२ लाई छलफल गरी सुझावहरुसहित गाउँसभामा पेश गर्ने गराउने निर्णय सर्वसहमतिले गरियो ।
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि चालु खर्च, पूँजीगत खर्च र विषयगत क्षेत्रको रकम सहित कुल अनुमानित आय जम्मा रु. ४७,९५,७०,६९१।–(अक्षेरुपी सत्चालीस करोड पञ्चानब्वे लाख सत्तरी हजार छ सय एकानब्धे रुपैया मात्र) र कुल अनुमानित व्यय जम्मा रु. ४७,९५,७०,६९१।–(अक्षेरुपी सत्चालीस करोड पञ्चानब्वे लाख सत्तरी हजार छ सय एकानब्धे रुपैया मात्र) सहितको धार्चे गाउँपालिकाको विनियोजन विधेयक, २०८२ लाई सुझावसहित गाउँसभामा पेश गर्ने गराउने निर्णय सर्वसहमतिले गरियो ।
६. प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि गाउँपालिका तथा सातवटै वडाहरुको लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले प्रदान गरेको बजेट सिलिङ बमोजिम सबै वडाका वडासमितिहरुबाट छनौट भई पेश हुन आएका गाउँपालिका स्तरीय तथा वडा स्तरीय योजना तथा कार्यक्रमहरुलाई मिति २०८२।०३।०८ गतेको विषयगत समितिको बैठकबाट प्राथमिकता निर्धारण भई आएबमोजिम आवश्यक संशोधन सहित बजेटमा समाबेश गर्ने गराउने निर्णय सर्वसहमतिले गरियो ।

CamScanner

७. प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले प्रदान गरेको बजेट सिलिङ बमोजिम विभिन्न शाखाहरुबाट पेश हुन आएका योजना तथा कार्यक्रमहरु मिति २०८२।०३।०८ गतेको विषयगत समितिको बैठकबाट प्राथमिकता निर्धारण भई आएबमोजिम आवश्यक संशोधन सहित बजेटमा समावेश गर्ने निर्णय सर्वसहमतिले गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत पुसु डाँडा गेट निर्माण (हिमाली आमा समूहसँग साझेदारी) शिर्षकमा रु. ९,००,०००।– विनियोजित बजेट कार्यान्वयन गर्नका लागि उपभोक्ता समिति गठन भई कार्य सम्झौता गरि निर्माण कार्य अगाडि बढेकोमा दुई गाउँपालिकाहरु बारपाक सुलिकोट (वडा नं. १ र २ बारपाक) तथा धार्चे गाउँपालिका (वडा नं. ४ लाप्राक) बीच उत्पन्न सिमा विवादका कारण सो योजना प्रभावित भई सिमा विवाद सम्बन्धि समस्या समाधान गर्न जिल्ला समन्वय समिति गोरखाको समन्वय र सहजीकरणमा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय गोरखा समेतको उपस्थिति तथा दुवै गाउँपालिकाका नेतृत्वहरु र सरोकारवालाहरुको सहभागितामा पटक पटक बैठक बस्दा समेत सो विवादको निरुपण हुन नसकी निर्माण कार्य रोकिएको हुँदा हालसम्म भएको निर्माण कार्यको प्राविधिक मुल्याङ्कन गरि साझेदारीका आधारमा भुक्तानी दिने साथै सो प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयमार्फत योजना तथा प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत आवधिक योजना निर्माण गर्नका लागि परामर्शदाताका रुपमा छनौट गरिएको मन्त्र कन्सल्टेन्सि प्रा.लि.,ले सो सम्बन्धमा कार्य गरि तयार गरेको दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६) को अन्तिम मस्यौदा प्रतिवेदन बैठकमा पेश भई विस्तृत अध्ययन/छलफल भयो । सो सम्बन्धमा उक्त अन्तिम मस्यौदा प्रतिवेदनमा प्राप्त भएका पृष्ठपोषणलाई आवश्यकता अनुसार समावेश गरि स्वीकृत/पारित गरि चालु आ.व. मा भएका यससँग सम्बन्धित कार्यहरु यसै अन्तर्गत भएको मानी सुरुवातदेखिनै लागु हुने गरि कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

CamScanner

ज मिति २०८२ साल असार २२ गते आइतबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको ध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको र्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरु:**

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

**अन्य उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विनायक तिमिल्सिना | प्रशासकीय अधिकृत | |
| २ | श्री बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| ३ | श्री सुन बहादुर गुरुङ | स्वकीय सचिव | |

CamScanner

प्रस्तावहरुः

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।

२. हालसम्मको वित्तिय प्रगति पेश सम्बन्धमा ।

३. आगामी आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम पारितका लागि गाउँसभामा पेश सम्बन्धमा ।

४. करार सेवामा कार्यरत कर्मचारीको म्याद थप सम्बन्धमा ।

५. विविध भुक्तानी सम्बन्धमा ।

क. गाउँपालिका महासंघको सदस्यता शुल्क भुक्तानी ।

ख. खोर्लाबिशी खोर्ला सडक सरसफाईको भुक्तानी ।

ग. न्याउली खोला झोलुङ्गे पुल डिपीआर भुक्तानी ।

घ. गोरेटो गोरखालाई ढुवानीको भुक्तानी ।

ङ. रुन्चेत कमनन सडक योजनाको भुक्तानी ।

च. माछिखोला देखि खोर्लाबिशी सडक सरसफाईको भुक्तानी ।

छ. नेपाल कैराते महासंघ गोरखाको भुक्तानी ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को हालसम्मको तपशिल बमोजिमको आर्थिक/वित्तिय प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा पेश भई जानकारी भयो ।

तपशिल

| | विनियोजित रकम (रू.) | खर्च रकम (रू.) | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ३२,४२,०७,७७८ | २६,२२,६१,१७५.६२ | ८०.८९% |
| पुँजीगत तर्फ | १८,३८,०१,२२२ | ८,४८,१८,९२९.४५ | ४६.१४% |
| जम्मा | ५०,८०,०९,००० | ३४,७०,८०,१०५.०७ | ६८.३२% |

३. प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०८२।०३।२१ गतेको बैठकले अनुमानित आय र विषय क्षेत्रगत व्ययका रुपमा गरेको सिमा निर्धारणका आधारमा मिति २०८२।०३।२२ गते बसेको बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरि पेश भएको कुल अनुमानित आय जम्मा रु. ५०,४५,७०,६९१।–(अक्षेरुपी पचास करोड पैतालिस लाख सत्तरी हजार छ सय एकानब्बे रुपैया मात्र) र कुल अनुमानित विषय क्षेत्रगत तथा कार्यक्रमगत व्यय सहितको जम्मा रु. ५०,४५,७०,६९१।–(अक्षेरुपी पचास करोड पैतालिस लाख सत्तरी हजार छ सय एकानब्बे रुपैया मात्र) को विस्तृत बजेट गाउँसभामा पेश गरि पारित गरि कार्यान्वयनमा लाने निर्णय सर्वसहमतिले गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस धार्चे गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा चालु आ.व.मा करार सेवामा कार्यरत कर्मचारीहरु सबैको अर्को व्यवस्था नभएसम्मका लागि एकवर्षका लागि नियमानुसार करार म्याद थप गरि कामकाजमा खटाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व.मा भएका तपशिल बमोजिमका भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

क. गाउँपालिका महासंघको गत आ.व. र चालु आ.व.को वार्षिक सदस्यता शुल्क प्रतिवर्ष रु. ३०,०००।- का दरले जम्मा रु. ६०,०००।- विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने ।

ख. खोर्लाबिशी देखि खोर्लागाउँसम्मको सडकखण्डको दोस्रो चौमासिकमा भएको सरसफाई कार्य कोटेसन मार्फत रुविनाला कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.ले गरेको हुँदा सो कार्यको लागि प्राविधिक मुल्याङ्कन बमोजिमको रुकम रु. २,०४,६२६।- पालिकाभित्र सडक मर्मत शिर्षकबाट नियमानुसार भुक्तानी दिने ।

CamScanner

ग. गाउँपालिका क्षेत्रभित्र झोलुङ्गे पुल निर्माण गर्नका लागि प्राविधिक सहयोग लगायतका कार्य गर्नका लागि यस गाउँपालिका र हिमाली क्षेत्र विकास केन्द्र, चुमनुब्री गाउँपालिका, गोरखा बीच मिति २०७८।१२।१७ गते सम्झौता भएबमोजिम चालु आ.व.मा संघिय शसर्त कार्यक्रम अन्तर्गत झोलुङ्गे पुल साझेदारी शिर्षकमा रु. १०,००,०००।- बजेट विनियोजित भएको र चालु आ.व.मा झोलुङ्गे पुलको कुनै पनि भुक्तानी दिन बाँकी नभएको हुनाले सो बजेटबाट नौली खोलामा झोलुङ्गे पुल निर्माण गर्नका लागि डिपीआर गर्न उक्त हिमाली क्षेत्र विकास केन्द्रलाई कायदिश दिएकोमा डिपिआर तयार भई सम्झौतामा उल्लेख भए बमोजिमको रकम भुक्तानीका लागि पेश हुन आएको हुँदा नियमानुसार भुक्तानी दिने ।

घ. रिनेवल वर्ल्डको आर्थिक तथा प्राविधिक सहयोग र गोरेटो गोरखासँगको साझेदारीमा E4H परियोजना अन्तर्गत यस गाउँपालिकाका ७ वटा स्वास्थ्य संस्थामा सोलार प्लान्ट जडान तथा स्वास्थ्य उपकरण वितरण कार्यक्रम संचालित भएको र उक्त कार्यक्रमका लागि गाउँपालिकाले १० प्रतिशत साझेदारी गर्ने गरि गोरेटो गोरखा र गाउँपालिकाबीच सम्झौता भएको हुँदा सो साझेदारी वापतको रकम सम्बन्धित शिर्षकबाट नियमानुसार भुक्तानी दिने ।

ङ. चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत रुन्चेत कमनन सडक निर्माण शिर्षकमा रु. २७,००,०००।– विनियोजित बजेट कार्यान्वयन गर्नका लागि उपभोक्ता समिति गठन गरि कार्य सम्झौता भएकोमा मेसिन अभाव भई समयमा निर्माण कार्य सुचारु हुन नसकि जेठ महिनामा मात्र निर्माण कार्य अगाडि बढेको र समयमा योजना सम्पन्न नभएको हुँदा हालसम्म भएको निर्माण कार्यको प्राविधिक मुल्याङ्कन गरि नियमानुसार भुक्तानी दिने ।

च. वर्षायामको अन्त्यतिर चाडपर्वको प्रारम्भतिर माछिखोला देखि खोलबिशीसम्मको सडकखण्डको तत्काल सरसफाई गरि सवारी तथा मानवीय आवगमनलाई सहज बनाउनु परेको हुँदा सो सरसफाई कार्य सम्झौता बमोजिम प्रगति निर्माण सेवा एण्ड अठारसय खोला सप्लायर्सले गरेको हुँदा प्राविधिक मुल्याङ्कन बमोजिमको रुकम रु. ९८,१४३.४१।- नियमानुसार भुक्तानी दिने ।

छ. गोरखा जिल्लामा सम्पन्न भएको जिल्ला स्तरीय कराँते प्रतियोगितामा यस गाउँपालिकाका खेलाडिहरु समेत सहभागी भई विजेता समेत भएका र सो प्रतियोगिता संचालनका लागि भएको केही खर्च पेश भए बमोजिम नेपाल कराँते महासंघलाई अध्यक्ष सहायता कोषबाट रु. ३०,०००।- भुक्तानी दिने ।

CS CamScanner